# वार्षिक प्रगति समिक्षा प्रतिवेदन

## आ.व. २०८०/०८१

पैयूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

पैयूँ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

हुवास, पर्वत

गाउँ पैयूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल

## वार्षिक समिक्षामा प्रस्तुत गर्नु पर्ने प्रगति विवरणको विषय सूची (Guidelines)

1. ढुंङ्गा, गिट्टी, वालुवा जस्ता प्राकृतिक स्रोतको आय अवस्था
2. सडक
3. पुलपुलेसा
4. सिचाई
5. पर्यटन प्रवर्धन
6. खानेपानी तथा सरसफाई
7. सञ्चार
8. शौक्षिक सस्था
9. विद्युत सुविधा
10. कृषि तथा पशु सेवा
11. सामुदायिक भवन
12. स्वास्थ क्षेत्र
13. उधोग व्यवसाय
14. फोहोरमैला व्यवस्थापन
15. वन वातवरण
16. विपद व्यबस्थापन
17. अन्य

१. ढुंङ्गा,गिट्टी,वालुवा जस्ता प्राकृतिक स्रोतको आय अवस्था

यस पैयूँ गाउँपालिकामा आ.व. ८०/८१ को आन्तरिक आय तर्फ ढुंङ्गा,गिट्टी,वालुवाको १८०० घनमिटर ठेक्का आवहान गरी रितपूर्वक डिस्वा निर्माण सेवालाई ठेक्का सम्झौता गरि कार्यसम्पन्न गरियो।

२. सडक

यस पैयूँ गाउँपालिकामा आ.व. ८०/८१ मा मुख्य तथा सहायक सडकहरु मर्मत, स्तरउन्नति ,तथा विस्तारको समिक्षा गर्दा निम्न विवरणहरु पाइएको छ।

- ज्यामिरे गैरा ,रातो छहरा सेतिबेनी सडक १५०० मिटर स्तर उन्नति तथा अन्य भौतिक पर्वाधारहरु निर्माण गरियो।
- अर्थुन, टकलाक ,सिगारकोष सडक २१०० मिटर स्तर उन्नति गरियो।
- डाडाथोक मोटरवाटो ३०० मिटर स्तर उन्नति तथा अन्य भौतिक पर्वाधारहरु निर्माण गरियो।
- भोटेगैरा ,हरिचण्डि सडक ८०० मिटर स्तर उन्नति तथा निर्माण गरियो।
- अधेरीगैरा ,इकाङ,पोखरीडाडा ,जुकेगैरा सडक ९५० मिटर स्तर उन्नति तथा अन्य भौतिक पर्वाधारहरु निर्माण गरियो।

**माथि उल्लेखित बाहेक अन्य साना संरचनाहरु मर्मत, स्तरउन्नति ,तथा विस्तार गरियो।**

३. पुलपुलेसा

यस पैयूँ गाउँपालिकामा आ.व. ८०/८१ मा गेदीखोला ,आलेपुल निर्माण गरियो ।

## ४. सिँचाई

यस पैयूँ गाउँपालिकामा आ.व. ८०/८१ मा सिँचाई सम्बन्धी यस गाउपालिकाका कृषकहरुलाई सिँचाईमा पहुच पुऱ्याउन करिब १५०० मिटर कुलोकुलेसोहरु निर्माण गरिएको छ ।

## ५. पर्यटन प्रवर्धन

यस पैयूँ गाउँपालिकामा आ.व. ८०/८१ मा पालुस्थान पर्यटकीय स्थलमा पर्यटकहरुलाई आकर्षित गराउन गोरेटोबाटो, पिङ, पोखरी जस्ता सँरचनाहरु निर्माण साथै अन्य पर्यटकीय स्थलहरुमा पर्यटकहरुलाइ आकर्षित गराउने सँरचनाहरु निर्माण गरीयो ।

## ६. खानेपानी तथा सरसफाई

यस पैयूँ गाउँपालिकामा आ.व. ८०/८१ मा खानेपानी सम्बन्धी यस गाउपालिकाका जनताहरुलाई खानेपानीको पहुच पुऱ्याउन अम्लिकोट खानेपानीमा २८०० मिटर नया पाइपलाइन र धारा निर्माण गरी खानेपानीको पहुच पुऱ्याएको छ भने अन्य स्थानहरु जस्तै ठुलिबेसि खानेपानी, घोमसुङ खानेपानी, हिस्कीथोक खानेपानी, चिन्डेखर्क खानेपानी इत्यादि गर्दा करिव ७५ घरधुरीलाई खानेपानीको पहुच पुऱ्याएको छ भने गाउपालिका स्तरीय वास प्लान को कार्य अगाडि बढाइएको छ ।

## ७. सञ्चार

यस पैयूँ गाउँपालिकामा आ.व. ८०/८१ मा भौतिक पूर्वाधार शाखाले सँचार सम्बन्धि पूर्वाधार मर्मत तथा निर्माण गर्ने कार्य गरिएको छ ।

## ८. शैक्षिक सस्था

यस पैयूँ गाउँपालिकामा आ.व. ८०/८१ मा यस पैयूँ गाउँपालिकामा रहेका बिद्यालयहरु मर्मत तथा निर्माण गरिएका बिद्यालयहरुको नामहरु यसप्रकार छन। टकलाक मा.वि. रङरोगन, निर्मल जनसेवा मा.वि. मन्दिर निर्माण गरिएको छ।

## ९. विद्युत सुविधा

यस पैयूँ गाउँपालिकामा आ.व. ८०/८१ मा विद्युत संम्बन्धि उज्यालो वडा टकलाक, उज्यालो वडा त्रिबेणि, उज्यालो वडा हुवास, उज्यालो वडा चिसापानी, भोर्ले ए.वि.सि केवल र ३ नं वडा विद्युत मर्मत योजनामा मर्मत तथा निर्माण कार्य गरियो।

## १०.कृषि तथा पशु सेवा

यस पैयूँ गाउँपालिकामा आ.व. ८०/८१ मा कृषि तथा पशु सेवा संम्बन्धि सातै वडाहरुमा साना सिंचाइ तर्फको योजनाबाट करिव १००० मिटर कुलो निर्माण र पशु सेवा तर्फ ५० वटा भैसि बाखा र बङ्गुर खोर सुधार तथा नयाँ संरचना निर्माण गरियो।

## ११.सामुदायिक भवन

यस पैयूँ गाउँपालिकामा आ.व. ८०/८१ मा उपल्लो चिन्नेखर्क सामुदायिक भवन रङरोगन, डुडे पौवा मर्मत, दार्सिङ्ग पौवा निर्माण, लप्सिगैरा पौवा निर्माण, दाङसिङ पौवा निर्माण र भुवनगैरा पौवा निर्माण जस्ता निर्माण कार्य गरियो।

## १२.स्वास्थ क्षेत्र

यस पैयूँ गाउँपालिकामा आ.व. ८०/८१ मा चिसापानि स्वास्थ कार्यालय निर्माण, टकलाक स्वास्थ कार्यालय टरस निर्माण योजनाको काम सम्पन्न गरि 10 बेड हष्पिटल, इकाङ ब्रथिङ सेन्टर निर्मानाधिन रहेको छ।

## १३.उधोग व्यवसाय

यस पैयूँ गाउँपालिकामा आ.व. ८०/८१ मा साझा सेवा केन्द्र निर्माण गरिएको र उद्योगग्राम निर्माण गर्न केहि जग्गा प्राप्ति गरिएको छ।

## १४.फोहोरमैला व्यवस्थापन

यस पैयूँ गाउँपालिकामा आ.व. ८०/८१ मा फोहोरमैला ब्यवस्थापनको लागि चाहिने पूर्वाधार निर्माण गरि यस गाउँपालिका अन्तरगतको फोहोरलाइ कुहिने नकुहिने भागमा बर्गिकरण गरि फोहोर संकलन गरिएको छ।

## १५.वन वातवरण

यस पैयूँ गाउँपालिकामा आ.व. ८०/८१ मा जनता मा.वि. माथि डाडामा चौतारि तथा धारा निर्माण, सडक बाटिका तथा सडकको पेटिमा १००५ विरुवा वृक्षारोपन जस्ता कार्य गरियो।

## १६.विपद व्यबस्थापन

यस पैयूँ गाउँपालिकामा आ.व. ८०/८१ मा बाढि, पहिरो, मनसुन जन्य विपद र सुरक्षित नागरिक आवास तथा आगलागि संम्वन्धि रोकथाम कार्य गरिएको छ जसमा मनसुनजन्य विपद अन्तर्गत ११ ओटा घर निर्माण, सुरक्षित नागरिक

आवास अन्तर्गत खरको छानो बिस्थापित गरी १७ ओटा जस्ता पाता लगाई व्यवस्थापन गरिएको छ।

१७.अन्य

यस पैयूँ गाउँपालिकामा आ.व. ८०/८१ मा माथि उल्लेखित बाहेक अन्य जस्तै ढल ब्यबस्थापन खेलमैदान गोरेटो बाटो तथा मठ मन्दिर निर्माण लगाएतका निर्माणका कार्यहरु गरिएको छ।